भेरीगंगा नगरपालिका

नगराकार्यपालिकको कार्यालय

छिन्चु, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

# कवाडी कर ठेक्का फारम

भेरीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

आ.व.२०८२/०८३

कवाडी कर ठेक्का बन्दोबस्तको दरभाउपत्र फारम आ.व.: २०८२/०८३ पेश गरेको निवेदन

(दरभाउपत्र दाता फर्म संस्था वा कम्पनीको छाप)

मितिः – २०८२/ / गते

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू

भेरीगंगा नगरपालिका,

छिन्चु, सुर्खेत।

महोदय,

तहाँ कार्यालयको मिति २०८२/०५/१३ गते प्रकाशित सूचनामा उल्लेख भए बमोजिम कार्यालयले राखिएको शर्तको अधिनमा रही भेरीगंगा नगरपालिका क्षेत्र अधिकार भित्र संग्कलन हुने कवाडी मालसामान उठाउने तथा उक्त मालसामानमा लाग्ने कवाडी कर संकलन सम्बन्धी ठेक्का बन्दोबस्त गर्ने कार्यका लागि तहाँ कार्यालयमा एकमुष्ट वा किस्ताबन्दीमा ठेक्का रकम बुझाई सो कार्यको लागि ठेक्का लिने मेरो मन्जुरी भएकोले प्रस्तावित ठेक्का रकममा बढोबढ रकम कबोल गरि, कबोल अंकको ५% (पाँच प्रतिशत) का दरले हुने धरौटी रकम सूचनामा तोकिए बमोजिमको खातामा दाखिला/रितपूर्वकको बैंक जमानत पत्र पेश गरि माग भए बमोजिमका सम्पूर्ण कागजातहरु संग्लग्न गरि यो फारम पेश गरेको छु।

हामी खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको र उक्त ठेक्कामा सहभागी हुन मेरो फर्म सम्पूर्ण तरहले योग्य रहेको घोषणा गर्दछौ। साथै यसै सूचनासंग सम्बन्धित संग्लग्न शर्तनुसार सम्झौता गर्न मञ्जुर छौ।

निवेदक

हस्ताक्षर:

हस्ताक्षर गर्ने अधिकारिक व्यक्तिको नामः-

पद :-

दरभाउपत्र पेश गर्ने फर्म, संस्था वा कम्पनीको नाम :-

कृष्ण प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

भेरीगंगा नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

छिन्चु, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

**कवाडी कर संकलन बारे ठेक्का बन्दोबस्त सम्बन्धी दरभाउपत्र आव्हानको सुचना ।**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०५/१३)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र नगरपालिकाले विभिन्न प्रकारका कवाडी करको दर निर्धारण गर्ने तथा संकलन गर्ने कानुनी व्यवस्था भए बमोजिम आ.व.२०८२/०८३ को लागि ठेक्का प्रक्रियाबाट विभिन्न प्रकारका यस नगरपालिकाबाट निकासी हुने कवाडी सामानहरुमा भेरीगंगा नगरपालिकाको आर्थिक ऐन २०८२, बमोजिम कर संकलनको ठेक्का बढाबढको माध्यमबाट गर्नुपर्ने भएकाले इच्छुक योग्य फर्म वा कम्पनीले सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा सिलबन्दी दरभाउपत्र फारम खरिद गरी फर्म दर्ताको प्रतिलिपि, मूल्य अभिवृध्दि करको प्रमाणपत्रको प्रतिलिपि, आर्थिक वर्ष २०८१/०८२ को करचुक्ताको प्रमाणपत्रको प्रतिलिपि सहितको निवेदन सहित खरिद गर्न सकिनेछ ।

शर्तहरु

१. दस्तुर वमोजिमको रकम रु. १०००।- (एकहजार) पछि फिर्ता नहुने) यस कार्यालयको कृषि विकास बैंक छिन्चु शाखाको राजश्व खाता नं. ०७२१००११४६०३७२२१ मा जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको राजश्व शाखामा नगद बुझाएको नगदी रसिद पेश गर्नु पर्नेछ ।

२. दरभाउपत्र दाताले आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको कृषि विकास बैंक छिन्चु शाखामा रहेको धरौटी राजश्व खाता नं.०७२१००११४६०३७१६७ मा. जम्मा गरेको सक्कलै भौचर वा कम्तिमा ७५ दिन म्याद भएको भेरीगंगा नगरपालिका को नाममा जारी भएको बैंक जमानत (बिडबण्ड) संलग्न गरि सिलबन्दी गरि प्रस्ताव पेश गर्नुपर्नेछ ।

३. प्रथम पटक सुचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन कार्यालय समयभित्र सिलवन्दी दरभाउपत्र पेश गर्नु पर्ने र १६ औं दिनको १:०० बजे रितपूर्वक दर्ता हुन आएका सिलवन्दी दरभाउंपत्र दाताका प्रतिनिधीहरुको रोहवरमा (प्रतिनिधी उपस्थित नभएको अवस्थामा समेत) यस कार्यालयमा खोलिनेछ ।

४. भेरीगंगा नगरपालिका को आर्थिक ऐन, २०८२ एवं कर्णाली प्रदेश सरकारद्वारा निर्दिष्ट गरेको दररेट अनुसार मात्र व्यवस्थित रुपमा कवाडी कर असुल गर्नु पर्नेछ।

५. नेपाल सरकार एवं कार्यालयबाट तोकीएका अन्य शर्तहरु यस सूचनाको अभिन्न अङ्गको रुपमा रहेको छ।

प्रसाद पोखेल
प्रशासकीय अधिकृत

६. दरभाउपत्र स्वीकृत भई सम्झौता हुंदा वातावरण संरक्षण ऐन तथा नियमावली लगायत अन्य प्रचलित ऐन/नियमका प्रावधानहरु, सम्झौताका शर्त तथा बन्देज समेत पालना गर्नुपर्नेछ।

७. सिलबन्दी दरभाउ पत्र खरिद गर्दा कुनै प्रकारको शर्त मान्य हुनेछैन। साथै यस कार्यालयको छाप र कार्यालयको तर्फबाट प्रमाणित नभएको सिलबन्दी दरभाउ पत्र फारामलाई मान्यता दिइनेछैन।

८. ठेक्का अवधि ठेक्का स्वीकृत भइ सम्झौता भएको मितिले २०८३ आषाढ मसान्तसम्म रहनेछ।

९. ठेक्का स्वीकृत गरेको जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र स्वीकृत कबोल अंकको २५% रकम नगदै (यस नगरपालिकाको संचित कोष खातामा जम्मा गर्ने) तथा बाँकी ७५% रकमको हकमा यस नगरपालिकाको पक्षमा जारी भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको मिति २०८३।०४।३० सम्म अवधि रहेको कार्य सम्पादन जमानत (Performance Bond) पेश गर्नुपर्नेछ। अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम १० (दश) प्रतिशत थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असुलउपर गरिनेछ। समेत असुल उपर गरिनेछ। यसरी असुल गर्दा ठेकेदारले कुनै किसिमको हर्जाना दावी गर्न पाउनेछैन, तर कबोल अंक र कबोल अंकको मू.अ.कर सहित एकमुष्ठ रकम सम्झौता अगाडी नै दाखिला गरेमा कार्य सम्पादन जमानत (Performance Bond) आवश्यक पर्ने छैन।

१०. ठेक्का अवधिको प्रचलित कानून अनुसार बुझाउनु पर्ने आयकर लगायतका अन्य करहरु स्वीकृत सिलबन्दी दरभाउ पत्रदाताले स्वयंले व्यहोर्नु पर्नेछ। कबोल अंकमा थप १३% मु.अ.कर तथा १.५% अग्रिम आयकर आन्तरिक राजस्व कार्यालयको सम्बन्धित राजश्व शिर्षकमा दाखिला गरी, दाखिलाको प्रमाण समयमानै यस कार्यालयमा पेश गर्नुपर्नेछ।

११. सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसँग सम्झौता गरिसक्नुपर्नेछ। तोकिएको समय भित्र सम्झौता गर्न नआएमा सिलबन्दी दरभाउ पत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ।

१२. ठेक्का कबोल गर्ने सिलबन्दी दरभाउ पत्र दाताले कार्यालयले तोकेको शुल्क उठाउँदा प्रयोग गरिने रसिदहरु आफ्नो तर्फबाट छपाई गरी यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ वा विद्युतीय प्रणालीबाट कर संकलन गर्ने हो भने सोको जानकारी यस कार्यालयलाई दिनु पर्दछ। प्रमाणित नगरेको रसिदबाट शुल्क उठाईएको पाईएमा नियमानुसार कारवाही गरिनेछ। आम्दानीको जानकारी नगरपालिकालाई दिनुपर्नेछ।

१३. म्याद नाघी वा रित नपुगी प्राप्त भएको सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन। कालो सूचीमा परेको व्यक्ति/फर्म/कम्पनीको सिलबन्दी दरभाउ पत्र स्वीकृत गरिने छैन।

१४. स्वीकृत सिलबन्दी दरभाउ पत्रदाताले बन्द, हड्ताल र समय अभाव र अन्य कारण देखाई छुट तथा मिनाहा दावी गरेमा कार्यालयले छुट दिने छैन। नगरपालिकाको काबुभन्दा बाहिरको कारणले ठेक्का संचालन हुन नसके वा अन्य कुनै कारण देखाई ठेक्का बापतको रकम मिनाहा माग वा छुट दाबी गर्न पाइनेछैन।

१५. आ.व.०८२।८३ मा कवाडी सामानहरु संकलन तथा निकाशी गर्ने व्यवसायहरु संचालन भए वा नभएपनि ठेक्का कबोल अंकमा कुनै परिवर्तन हुनेछैन।

Scanned with CamScanner

१६.प्रचलित कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले सम्झौता भंग गर्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१७.नेपाल सरकार, प्रदेश सरकार र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालना गर्नु सम्बन्धित सिलबन्दी दरभाउ पत्र दाताको कर्तव्य हुनेछ।

१८.कुनै कारण जनाई वा नजनाई सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस नगरपालिकामा सुरक्षित रहनेछ।

१९.यस सूचनामा भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानून तथा ठेक्का स्वीकृति पश्चात हुने सम्झौता बमोजिम हुनेछ।

२०.संलग्न गर्नुपर्ने कागजपत्रहरु व्यक्तिको हकमा नागरिता प्रमाण-पत्र र स्थायी लेखा नं. (PAN CARD) को प्रतिलिपि, फर्म/संस्था/व्यवसाय/कम्पनीको हकमा फर्म/संस्था/व्यवसाय/कम्पनीको नविकरण खुल्ने दर्ता प्रमाण-पत्र,पान प्रमाण-पत्र, २०८१/०८२ को करचुक्ता प्रमाण-पत्र प्रतिलिपि,कालो सूचीमा नपरेको स्व-घोषणा पत्र।

२१.आर्थिक ऐनमा तोकिएको दर भन्दा बढी रकम उठाउन पाइने छैन, यदि उठाइएको पाइएमा एक पक्षिय रुपमा सम्झौता भङ्ग गरिने छ। करका दरहरु यस नगरपालिकाबाट जारी हुने आर्थिक ऐन अनुसार हुनेछ।

२२. ठेक्का कार्यसँग सम्बन्धित कार्यको सहजीकरण गर्ने जिम्मेवारी स्वयंदरभाउपत्रदाताकोनै जिम्मेवारी हुनेछ। र अन्य कुनै शर्त राखी पेश गरेको, हुलाक मार्फत पठाएको र रीत नपुगेको दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन।

२३.दरभाउपत्रदाताले वन, प्राकृतिक वातावरण, भू-संरक्षण तथा वातावरणीय सन्तुलनलाई हानी नोक्सानी नहुने गरी, भेरीगंगा नगरपालिकामा रहेको नदिनाला तथा खोलाहरुमा प्रतिकूलअसर पर्ने गरि कार्य गर्नुपर्ने छ।

२४. ठेक्कासँग सम्बन्धित कार्य गर्दा बालश्रम प्रयोग गर्न पाइने छैन र वातावरणमा प्रतिकूल असर पर्ने प्रविधि अपनाउन पाउने छैन।

२५.दरभाउपत्र फारम खरिद गर्ने र पेश गर्ने दिनहरुमा बिदा परेमा सो को भोलिपल्टलाई वा लगत्तै कार्यालय खुलेको दिन र समय कायम हुनेछ।

२६.दरभाउपत्रको हरेक पानामा दरभाउपत्रदाताले दस्तखत गरि, छाप लागाई, ठेक्का अंक उल्लेख गर्दा कबोल अंक लेख्दा अक्षर र अंक दुवैमा लेखु पर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरमा लेखेको रकमलाई मान्यता दिइनेछ।

२७.नेपाल सरकार र नगरपालिकाको नीति निर्देशनमा रही ठेक्का संचालन गर्नुपर्नेछ। सो विपरित कार्य गरि हानी नोक्सानी भएमा हानी नोक्सानीको विगो बरावरको रकम दोश्रो पक्षबाट नगरपालिकाले असुलउपर गर्न सक्नेछ। साथै सोही कार्य बारम्वार दोहोराएमा ठेक्का समेत तोड्न सकिनेछ।

२८.नेपाल सरकार वा भेरीगंगा नगरपालिका को नीति, नियममा शंसोधन भई ठेक्का सञ्चालनमा अवरोध हुन जाने अवस्था आएमा नगरपालिकाले ठेक्का रद्ध गरी सञ्चालन भएको अवधि सम्मको दामासाहीले हुने रकमलाई

प्रमुख प्रशासकीय अधिकृत

ठेक्का अंक कायम गरी सोही बमोजिम हरहिसाव फरफारक गरिनेछ । तर दोश्रो पक्षको कारण ठेक्का रद्ध गर्नुपर्ने अवस्था आएमा यो दफा आकर्षित हुनेछैन् ।

२९. ईजाजत प्राप्त कम्पनी/फर्म र भेरीगंगा नगरपालिका बीच ठेक्का सर्त सम्बन्धमा कुनै विवाद उठेमा भेरीगंगा नगरपालिका को निर्णय अन्तिम हुनेछ।

३०.ठेक्का सम्बन्धमा थप केहि बुझ्नु परेमा कार्यालयको वेबसाइट http://www.bherigangamun.gov.np मा हेर्न वा ९८५८०५४१११ मा सम्पर्क गर्न सकिनेछ ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

भेरीगंगा नगरकार्यपालिकाको कार्यालय,

छिन्चु, सुर्खेत ।

कृष्ण प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

विषय: दरभाउ पत्र पेश गरेको सम्बन्धमा ।

तहाँ कार्यालयबाट मिति २०८२/०५/१३ मा प्रथम पटक प्रकाशित सूचनाको शर्त अनुसार काम गर्ने गरी आर्थिक वर्ष २०८२/०८३ को लागि नगरपालिकाले तोकेको दरमा कवाडी कर संकलन ठेक्काको लागि तपशिल बमोजिमको रकम कबोल गरेको छु ।

| सि.नं. | ठेक्का सम्बन्धि विवरण | बार्षिक न्यूनतम ठेक्का अंक रु (मू.अ.कर बाहेक) | बार्षिक कबोल रकम रु (मू.अ.कर बाहेक) ( अंकमा) | बार्षिक कबोल रकम (मू.अ.कर बाहेक) (अक्षरमा) | घरौटी रकम रु (कबोल अंकको ५%) | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | भेरीगंगा नगरपालिका क्षेत्रभित्र कवाडी कर संकलन सम्बन्धी कार्य | रु.२,००,०००.००/- (अक्ष्यरुपी रु. दुई लाख मात्र) | रु. | | | |

दरभाउपत्रदाता फर्म/कम्पनीको नाम र छाप :

दस्तखतः

ठेगाना :

सम्पर्क नं. :

# भेरीगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

छिन्चु, सुर्खेत
कर्णाली प्रदेश, नेपाल
२०७३

☎०८३-४४०१५४, ४४०१११
E-mail:info@bheriganganmun.gov.np
:ito.bheriganganmun@gmail.com
Website: bheriganganmun.gov.np
☎ Toll Free No. : 18105000311


प.सं. :- २०८२/०८३
च.नं.:

## भेरीगंगा नगरपालिका क्षेत्राधिकार भित्र कवाडी कर संकलन गर्ने सम्बन्धी दरभाउपत्र आव्हानको सुचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०५/१३)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम नगरपालिकाको क्षेत्राधिकार भित्र नगरपालिकाले विभिन्न प्रकारका कवाडी करको दर निर्धारण गर्ने तथा संकलन गर्ने कानुनी व्यवस्था भए बमोजिम आ.व.२०८२/०८३ को लागि ठेक्का प्रक्रियाबाट विभिन्न प्रकारका यस नगरपालिकाबाट निकासी हुने कवाडी सामानहरुमा भेरीगंगा नगरपालिकाको आर्थिक ऐन २०८२, बमोजिम कर संकलनको ठेक्का बढाबढको माध्यमबाट गर्नुपर्ने भएकाले इच्छुक योग्य फर्म वा कम्पनीले सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र रितपुर्वक सिलबन्दी दरभाऊपत्रमा भाग लिन यो सूचना प्रकाशित गरिएको छ। विस्तृत सूचना यस कार्यालयको वेबसाईट www.bheriganganmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

तपशिल:

| क्र.सं. | कामको विवरण | न्युनतम अंक (मु.अ. कर बाहेक) रु. | दरभाऊपत्र फारम दस्तुर रु. | दरभाऊपत्र घरौटी/जमानत रु. |
|---|---|---|---|---|
| १. | भेरीगंगा नगरपालिका क्षेत्रभित्र कवाडी कर संकलन सम्बन्धी कार्य | रु. २,००,०००.००/- (अक्षयरुपी रु. दुई लाख मात्र) | रु.१०००/- | कबोल अंकको ५ प्रतिशत |

प्रमुख प्रशासकीय अधिकृत
कृष्ण प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत